# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## प्रेस विज्ञप्ती

## बोर्डलाई OECD INFE को पूर्ण सदस्यता प्राप्तिका साथै प्रथम अन्तर्राष्ट्रिय वित्तीय साक्षरता सम्मेलन

### (क) OECD INFE को पूर्ण सदस्यता प्राप्तः

बोर्डको आर्थिक वर्ष २०७५।७६ को धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम अनुसार वित्तीय साक्षरता प्रवर्द्धन तथा ज्ञान अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय संस्था, OECD INFE (OECD को International Network of Financial Education) को सदस्यता लिने वार्षिक कार्यक्रम अनुसार जनवरी १, २०१९ बाट लागू हुने गरी बोर्डले नेपालको तर्फबाट उक्त संस्थाको पूर्ण सदस्यता प्राप्त गरेको छ । यससँगै OECD INFE को पूर्ण सदस्यता प्राप्त गर्नेमा बोर्ड नेपालको पहिलो निकाय बनेको छ । नेपालमा वित्तीय साक्षरता न्यून रहेको सन्दर्भमा विश्वव्यापी रुपमा वित्तीय साक्षरतासम्बन्धी कार्य गर्ने गरी स्थापित उक्त संस्थाको सदस्यता लिँदा पछिल्लो समय वित्तीय क्षेत्रमा विकास भएका नवीनतम ज्ञान तथा प्रविधिको जानकारी भई देशमा वित्तीय साक्षरता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमलाई समन्वयात्मक तथा स्तरीय रुपमा सञ्चालन गर्न उपयुक्त वातावरण तयार हुन सहयोग पुग्ने विश्वास बोर्डले लिएको छ ।

OECD ले वित्तीय साक्षरताको महत्वलाई आत्मसात गर्दै यस सम्बन्धी गतिविधि विस्तार गर्न एक विशिष्ट संस्थाको योजना गरे अनुरुप सन् २००८ मा INFE को स्थापना भएको हो । यस संस्थाले साना तथा मझौला व्यवसाय, वित्तीय समावेशिता, युवा तथा महिला वर्ग, दीर्घकालिन बचत तथा लगानी लगायतका विविध क्षेत्रहरुमा वित्तीय साक्षरता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । हाल यस संस्थामा विश्वका ६४ देशका ८६ संस्थाहरु पूर्ण सदस्यको रुपमा रहेका छन् भने नियमित सदस्यतर्फ ९५ देशका १७२ संस्थाहरु रहेका छन् । पूर्ण सदस्यता पाएको बोर्डले उक्त संस्थाको प्राविधिक समिति, सल्लाहकार समिति तथा विभिन्न कार्यगत समूहमा सहभागी भई OECD INFE र यस अन्तर्गत सञ्चालन हुने वित्तीय साक्षरतासम्बन्धी गतिविधिको सञ्चालन तथा स्तर अभिवृद्धिमा सक्रिय सहभागिता देखाउन सक्नेछ । यसबाट वित्तीय साक्षरतासम्बन्धी अन्तर्राष्ट्रिय गतिविधि तथा वित्तीय साक्षरताको स्तर अभिवृद्धिमा बोर्डको समेत पहुँच विस्तार भएको छ ।

### (ख) अन्तर्राष्ट्रिय वित्तीय साक्षरता सम्मेलनको आयोजनाः

यससँगै बोर्ड र OECD INFE को संयुक्त आयोजनामा आगामी जुलाई २-३, २०१९ (तदनुसार असार १७-१८, २०७६) मा दुई दिनको OECD-Nepal Conference on Financial Education and Financial Consumer Protection in Developing Countries विषयक प्रथम अन्तर्राष्ट्रिय स्तरको वित्तीय साक्षरता सम्मेलन गर्ने निर्णय भई सो अनुसारको आवश्यक तयारी बोर्डले गरिरहेको छ । दक्षिण एशियाली मुलुकसहित विश्वका अन्य विभिन्न मुलुकका करीब १०० भन्दा बढी प्रतिनिधि सहभागी हुने अपेक्षा गरिएको उक्त कार्यक्रममा Financial Education and Consumer Protection for Inclusive Growth, Reducing Financial Vulnerabilities from Childhood, Financial Empowerment Across Diverse Landscapes जस्ता वित्तीय साक्षरतासम्बन्धी महत्वपूर्ण सत्रहरु सञ्चालन हुने छन् । यस सम्मेलनमा हुने छलफल तथा अन्तरक्रियाबाट वित्तीय प्रणालीमा विकास भएका नयाँ आयाम, प्रविधि तथा अभ्यासहरुको बारेमा अनुभव आदान प्रदान भई नेपालमा वित्तीय साक्षरता अभिवृद्धि गर्न सहयोग पुग्ने देखिन्छ । साथै, हाल नेपाल सरकारले वित्तीय साक्षरता रणनीति (२०७५/७६-२०७७/७८) मार्फत् मुलुकमा वित्तीय साक्षरता अभिवृद्धिका लागि पहल गरिरहेको सन्दर्भमा समेत यो सम्मेलन विशेष उपयोगी हुने विश्वास बोर्डले लिएको छ ।

(निरज गिरी)
प्रवक्ता

मितिः २०७५।१२।२१